# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, माघ १२ गते २०५१ साल (अतिरिक्ताङ्क४८

## भाग ३

श्री ५ को सरकार

### कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले राजस्व न्यायाधीकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम न्याय परिषद्को परामर्शमा सम्मानीय प्रधान न्यायाधीशबाट स्वीकृति भए बमोजिम देहाय बमोजिमका पुनरावेदन अदालतका न्यायाधीशहरूलाई देहाय बमोजिमका राजस्व न्यायाधिकरणहरूमा काम गर्ने गरी तोकेको छ ।

१. पुनरावेदन अदालत, ललितपुरका माननीय न्यायाधीश श्री प्रेम शर्मालाई राजश्व न्यायाधीकरण, काठमाडौंको कानून सदस्य एवं अध्यक्ष पदमा ।

२. पुनरावेदन अदालत, विराटनगरका माननीय न्यायाधीश श्री माधवराज थापालाई राजश्व न्यायाधीकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा ।

३. पुनरावेदन अदालत, पोखराका माननीय न्यायाधीश श्री वैद्यनाथ उपाध्यायलाई राजश्व न्यायाधीकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा ।

४. पुनरावेदन अदालत, नेपालगन्जका माननीय न्यायाधीश श्री परमानन्द झालाई राजश्व न्यायाधीकरण, नेपालगन्जको कानून सदस्य एवं अध्यक्ष पदमा ।

१३८८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले प्रशासकीय अदालत नियमावली, २०४४ को नियम ३ को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९२ बमोजिम न्याय परिषद्को परामर्शमा सम्माननीय प्रधान न्यायाधीशबाट स्वीकृत भए बमोजिम पुनरावेदन अदालत, ललितपुरका माननीय न्यायाधीश श्री प्रेम शर्मालाई प्रशासकीय अदालतको अध्यक्ष तोकेको छ ।

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

१३६८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।